परिशिष्ट-१

(दफा-३ सँग सम्बन्धित)

"पर्यटकीय नगरी"

"TOURISTIC MUNICIPALITY"

# सूर्योदय नगरपालिका
# SURYODAYA MUNICIPALITY
## नगर कार्यपालिकाको कार्यालय
## OFFICE OF THE MUNICIPAL EXECUTIVE

फिक्कल, इलाम, कोशी प्रदेश, नेपाल

Fikkal, Ilam, Koshi Province, Nepal

## विषय : करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति – २०८०/१२/०१**

प्रस्तुत विषयमा सूर्योदय नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा रिक्त रहेको दरबन्दीमा कर्मचारी पदपूर्तिका लागि यस कार्यालयको मिति २०८०/१२/०१ को निर्णय अनुसार देहायमा उल्लेखित पदपूर्तिका लागि योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले प्रथम पटक प्रकाशित सूचनाको मितिले १५ (पन्ध्र) दिन भित्र माग वमोजिमका कागजातहरु र राजस्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

देहाय –

| क्र. स | विज्ञापन नं. | पद | सेवा | श्रेणी/तह | परीक्षा दस्तुर | योग्यता र अनुभव | संख्या | मासिक परिश्रमिक |
|---|---|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य ४/२०८०/८१ | मेडिकल अधिकृत | स्वास्थ्य | आठौं तह | १०००।- | मान्यता प्राप्त शैक्षिक संस्थाबाट MBBS वा सो सरह वा सो भन्दा माथि उतीर्ण गरी सम्बन्धित परिषदमा दर्ता र नवीकरण भएको। | २ | सम्बन्धित तहलाई नेपाल सरकारले तोकेको शुरु स्केल बराबरको रकम मासिरुपमा तलव स्वरुप भुक्तानी हुनेछ । अन्य सुविधा अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिले तोके वमोजिम हुनेछ। |

क) **आवेदन दस्तुर** – रु ५०।-

ख) **छनौटको किसिम**- सूर्योदय नगरपालिकामा करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ (संशोधन सहित) अनुसार।

ग) **उमेर हद**- पुरुषको हकमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको र महिलाको हकमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको।

घ) **दरखास्त दिने स्थान** – सूर्योदय नगरपालिका,नगर कार्यपालिकाको कार्यालय।

ङ) **दरखास्त दिने अन्तिम मिति** – २०८०/१२/१५ गते सम्म (अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त दिनको भोलिपल्ट सम्म आवेदन लिईनेछ )।

च) **सम्पर्क मिति** – २०८०/१२/१८ गते

छ) **परीक्षा मिति** – सम्पर्क मितिमा तोकिनेछ।

ज) **आवेदन साथ संलग्न गर्नु पर्ने कागजातहरु** – आवेदक स्वयमले प्रमाणित गरेको देहाय वमोजिमका कागजातहरुको प्रतिलिपिहरु

-नागरिकता

-शैक्षिक योग्यताको प्रमाणपत्रहरु

-अनुभव खुल्ने कागजात

-२ प्रति पासपोर्ट आकारको फोटो

झ) **अन्य सेवा सुविधा**- सेवा करार सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ।

ञ) **आवेदन दस्तुर** -सूर्योदय नगर कार्यपालिकाको कार्यालयमा राजश्व तिरी सोको रसिद समेत पेश गर्नुपर्नेछ।

ट) आवेदनको ढाँचा लगायत अन्य जानकारीको लागि नगरपालिकाको कार्यालयमा सम्पर्क राख्नुहोला वा कार्यालयको ईमेल ठेगाना suryodayamun@gmail.com वा infooff.suryodaya@gmail.com वा फोन नं. ०२७-५४०२१४,५४०४७३ मा सम्पर्क राख्नुहोला वा नगरपालिकाको वेवसाइट www.suryodayamun.gov.np मा हेर्नुहोला।

प्रमुख प्रशासकीय अधिकृत

CamScanner